नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२०७७ कार्तिक

# उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया, २०७७

१. कार्यक्रमको परिचय

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने हेतुले स्थानीय तहहरु मार्फत कार्यान्वयन गरिने उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमलाई व्यवस्थित एवं पारदर्शी तुल्याई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ तर्जुमां गरी लागु गरिएको छ ।

१.१ लक्ष्य एवं उद्देश्य

गुणस्तरीय बीउको प्रयोगबाट उत्पादन बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउनुका साथै खाद्यान्न आयात कम गरी आत्मनिर्भरता बढाउने योगदान पुर्याउने यस कार्यक्रमको लक्ष्य रहेको छ । यस कार्यक्रमको उद्देश्य निम्न बमोजिम रहेको छ।

(क) धान, गहुँ र मकैको उन्नत बीउमा कृषकको पहुँच बढाइ उत्पादन वृद्धिमा टेवा पुर्याउने ।

(ख) कृषकले प्रयोग गर्ने उन्नत बीउमा अनुदान मार्फत उत्पादन लागत कम गर्न सघाउ पुर्याउने ।

१.२ लक्षित समूह

यस कार्यक्रमको मूल लक्षित समूह धान, मकै र गहुँ खेति गर्ने आम कृषक समुदाय रहने छन् । यसको अलावा उन्नत बीउ उत्पादन तथा विक्रि वितरण कार्यमा संलग्न कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/निजी उद्यमी/कम्पनी आदि पनि यस कार्यक्रमबाट लाभान्वित हुन सक्ने छन् ।

१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थान

यो कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतको निकायबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण भई संघीय सशर्त अनुदान प्राप्त गर्ने स्थानीय तहहरुमा सञ्चालन गरिने छ ।

१.४ अपेक्षित उपलब्धी :

- कार्यक्रम संचालन हुने स्थानीय तहहरुमा धान, गहुँ र मकैको उन्नत बीउ कृषकले अनुदानमा प्राप्त गरेको हुने ।
- नेपालमा विकास भएका एवं कृषकको चाहना बमोजिमका मसिनो प्रकृतिको धानको जात तथा धान, मकै र गहुँका खुल्ला सैंचित तथा स्वदेशी हाइब्रिड बीउको प्रवर्द्धन हुने ।

२. कार्यक्रम सञ्चालन विधि

२.१ सशर्त अनुदान उपलब्ध गराइने

यस कार्यक्रम अन्तर्गत नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिन धान, मकै र गहुँ बालीका उन्नत जातका उन्नत बीउको मूल्यमा अनुदान उपलब्ध गराइनेछ ।कार्यक्रम सञ्चालनका लागि स्थानीय तहहरुलाई कृषकलाई उन्नत बीउ उपलव्ध गराउन अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत संघीय सशर्त अनुदान उपलव्ध गराइने छ ।

२.२ अनुदानको सीमा

यस कार्यक्रम अन्तर्गत कृषकलाई उपलव्ध गराइने उन्नत बीउको प्रतिस्पर्धात्मक बिक्रि मूल्यको बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

२.३ बाली अनुसारको उन्नत जात तोक्नु पर्ने

उन्नत बीउमा अनुदान उपलव्ध गराउने कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहरुले स्थानीय स्तरमा प्रचलित तथा लोकप्रिय उन्मोचित वा सूचित जातहरु देहाय बमोजिम तोक्नु पर्ने छ:

क) धानः मध्यम मसिनो तथा मसिनो जातहरु एवम् सूचित हाइब्रिड जातहरु

ख) मकैः उन्मोचित नेपाली जातहरु एवं नेपाली हाइब्रिड जातहरु

ग) गहुँ: उन्मोचित नेपाली जातहरु

२.४ बीउ आपूर्तिकर्ताको छनौट

प्राप्त सशर्त अनुदानको परिधि भित्र रहेर सम्वन्धित स्थानीय तहले कृषकलाई वितरण गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ एवं अन्य प्रचलित आर्थिक ऐन नियमको परिधि भित्र रहि उन्नत बीउ आपूर्तिको लागि योग्य आपूर्तिकर्ताहरु छनौट गर्नु पर्ने छ । आपूर्तिकर्ता छनौटको लागि प्रकाशित गरिने सार्वजनिक सूचनामा अन्य विषयहरुको अतिरिक्त देहायका विषयहरु समेत उल्लेख गर्नु पर्ने छ:

(क) आपूर्ति गर्नु पर्ने बीउको मोटामोटी परिमाण

(ख) आपूर्ति गर्नु पर्ने बीउको बाली अनुसारको जातहरु

(ग) प्रति के. जी. बीउको मूल्य (वितरण गरिने स्थानसम्म)

(घ) आपूर्ति गरिसक्नु पर्ने समयसीमा

(ङ) बीउ वितरण गरिनु पर्ने स्थानहरु वा डेलिभरी प्वाइन्ट

२.५ आपूर्तिकर्तासंग सम्झौता र बीउ ढुवानी तथा वितरण

स्थानीय तहले सशर्त अनुदान बजेटको सीमा भित्र रहि छनौट भएका आपूर्तिकर्तासंग आपूर्ति गर्नु पर्ने परिमाण खुलाइ बीउ आपूर्ति सम्झौता गर्नु पर्ने छ ।आपूर्तिकर्ताले सम्झौतामा उल्लेखित परिमाणको बीउ ढुवानी गरी सम्झौतामा तोकीएका स्थानहरुबाट आफू स्वयंले वा आफ्ना आधिकारिक वितरक मार्फत कृषकलाई वितरण गर्नु



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

पर्ने छ ।यसरी वितरण गरिने बीउको बोरा वा प्यांकेटमा आपूर्तिकर्ताले आफ्नै खर्चमा अनिवार्य रुपमा प्रष्टसँग देखिने गरी देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः

| |
|---|
| ........प्रतिशत अनुदानमा उपलव्ध गराइएको उन्नत बीउ<br><br>बालीः<br>जातः<br>गाउँपालिका/नगरपालिकाः<br>मिति : ................/...../......... |

## २.६ कृषकलाई बीउ उपलव्ध गराइने विधि

स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वडाहरुलाई आवश्यकता एवम् मागको आधारमा बीउको कोटा तोक्न सक्ने छ । सम्वन्धित वडा कार्यालयले आफ्नो वडालाई प्राप्त बीउको कोटालाई आवश्यकता अनुसार मापदण्ड बनाइ वितरण गर्ने व्यवस्था गर्नुपर्ने छ । वडा कार्यालयले बीउ प्राप्त गर्ने कृषकलाई बीउको परिमाण खुलेको कुपन उपलव्ध गराउनु पर्ने छ वा बस्ती अनुसारको कृषकको नाम नामेसी र बीउको परिमाण खुलेको आधिकारिक पत्र आपूर्तिकर्तालाई उपलव्ध गराउनु पर्ने छ । आपूर्तिकर्ता वा निजको आधिकारिक वितरकले परिचय खुल्ने प्रमाणको आधारमा कृषकलाई कुपन वा आधिकारिक पत्रको आधारमा बीउ उपलव्ध गराउनु पर्ने छ । सम्बन्धित स्थानीय तह र छनौट भएको वीउ आपुर्तिकर्ता बिच भएको सम्झौतामा उल्लेख भए बमोजिमको विक्रि मूल्यको तोकिए बमोजिम निश्चित रकममा कृषकले बीउ खरिद गर्नु पर्ने छ ।

## २.७ आपूर्तिकर्ताले अनुदान रकम दावी गर्ने विधि

आपूर्तिकर्ताले सम्झौता बमोजिमको निश्चित रकम कृषकबाट लिई बाँकि रकम भुक्तानीको लागि सम्वन्धित स्थानीय तहमा देहायका प्रमाण तथा कागजातहरु पेश गर्नु पर्ने छः

(क) बीउ खरिद गर्ने कृषकहरुको नाम नामेसी, सम्पर्क नम्वर र स्पष्ट ठेगाना

(ख) कृषकले बीउ बुझेको भर्पाई (स्पष्ट मिति खुल्ने गरी) र बितरकले जारी गरेको बिक्रि बीलको प्रतिलिपी

(ग) सम्भव भए सम्म बीउ बिक्रि सम्वन्धी दैनिक खाताको प्रतिलिपी,

(घ) सम्वन्धित वडाले कृषकलाई बीउ उपलव्ध गराउने बारे जारी गरेको कुपन/पत्र/इमेलको प्रतिलिपि

२.८ बीउको गुणस्तर कायम गर्नु पर्ने

आपूर्तिकर्ताले बीउ विजन ऐन, २०४५, बीउ विजन नियमावली, २०६९ र बीउ विजन प्रमाणीकरण निर्देशिका, २०७४ लगायत बीउ विजन गुणस्तर नियन्त्रणसंग सम्वन्धित अन्य कानूनी तथा नीतिगत व्यवस्थाहरुको अधिनमा रहि बीउको गुणस्तर कायम गर्नु पर्ने छ । साथै यस कार्यक्रम अन्तर्गत कृषकलाई मूल्य अनुदानमा उपलव्ध गराइने उन्नत बीउको गुणस्तर कायम गर्नु सम्वन्धित स्थानीय तहको दायित्व हुने छ ।

३. कार्यक्रमको अनुगमन तथा प्रतिवेदन

३.१ सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने

उन्नत बीउमा अनुदान उपलब्ध गराउँदा स्थानीय तहले अनुदानग्राही कृषक, उपलव्ध गराइएको बीउको परिमाण तथा प्राप्त गरेको अनुदान खुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने छ ।

३.२ बीउको गुणस्तर एवं बीउको आपूर्ति तथा वितरण प्रक्रियाको अनुगमन

स्थानीय तहले यस कार्यक्रम अन्तर्गत आपूर्तिकर्ताले उन्नत बीउको आपूर्ति तथा वितरण प्रक्रिया एवं बीउको गुणस्तर लगायतका विषयको अनुगमन गर्नु पर्ने छ । अनुदानमा वितरण भएको बीउको यथार्थ बील भरपाई, वितरण भएको वीउको परिमाण र वास्तविक कृषकले पाए नपाएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा प्रमाणिकरण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। साथै यस कार्यक्रमको अनुगमन संघीय कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय र अन्तर्गतका निकायहरु एवं प्रादेशिक भूमि व्यवस्था कृषि तथा सहकारी विकास मन्त्रालय र मातहतका निकायहरुबाट संयुक्त रुपमा वा छुट्टा छुट्टै हुन सक्नेछ।

३.३ प्रगति प्रतिवेदन पठाउनु पर्ने

कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले अनुसूची १ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरीचौमासिक र बार्षिक रुपमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र प्रदेश कृषि विकास निर्देशनालयमा पठाउनु पर्ने छ ।

४. विविध

४.१ यस कार्यक्रम सञ्चालन प्रक्रिया अन्तर्गत बीउ आपूर्तिकर्ता वा मूल्य अनुदान सहित उन्नत बीउ प्राप्त गरेका अनुदानग्राही कृषकले अनुदानको दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरिनेछ ।

४.२ कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख भएका विषयहरु वा व्यवस्थाहरु कार्यान्वयन गर्ने क्रममा अस्पष्टता देखिएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले थप स्पष्ट पार्नेछ ।

४.३ नेपाल सरकार कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले आवश्यकता अनुसार यो सञ्चालन प्रक्रिया संशोधन गर्न सक्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची १

(बुँदा ३.३ संग सम्बन्धित)

## स्थानीय तहले मूल्य अनुदान सहित वितरण गरेको उन्नत बीउसम्वन्धी विवरण

### क) साराशं विवरण

स्थानीय तहः आर्थिक वर्षः अवधिः

| क्र.सं. | बाली | जात | वितरण गरिएको परिमाण (क्विन्टल) | बीउ प्राप्त गर्ने कृषक घर परिवारको संख्या | कूल अनुदान राशी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ख) विस्तृत विवरण

| क्र.सं | कृषकको नाम | ठेगाना | फोन | वाली | जात | परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |